# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खनदह, अर्घाखाँची
## लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं.

मितिः २०७७।१०।०५

**खुला निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।**

यस गाउँपालिकाको खास पहिचान कायम गर्नका लागि आवश्यक पर्ने यहाँको महत्त्व र विशेषता झल्कने खालको निबन्ध तयार पारी प्रकाशन तथा प्रचार–प्रसार गरिने भएकोले देहायको सर्त र अधिनमा रही आफ्नो मौलिक निबन्ध पेश गर्नु हुन सबैमा यो सूचना जारी गरिएको छ ।

१. नेपाली भाषाको बढीमा २५०० (दुई हजार पाँच सय) शब्दमा समेट्नु पर्नेछ ।

२. यस गाउँपालिकाको समग्र अबस्था (आर्थिक, सामाजिक, सांस्कृति, शैक्षिक, राजनैतिक, भौगोलिक आदि) झल्केको हुनु पर्नेछ ।

३. यहाँका मूख्य विशेषताहरू तथा यस गा.पा. क्षेत्रका सम्भावनाहरूको विश्लेषण हुनु पर्नेछ ।

४. उल्लेख्य/उदाहरणीय कार्य, सुधारका पक्ष, प्रेरणादायी क्रियाकलापहरू राख्न सकिनेछ ।

५. कोही कसैप्रति पूर्वाग्राही भएर नलेखिएको सकारात्मक सन्देश दिने निबन्ध हुन पर्नेछ ।

६. यो निबन्ध पठाउने अन्तिम मिति २०७७/१०/३० गते ५ बजेसम्म रहनेछ ।

७. निबन्ध प्रिति वा युनिकोड फन्टमा टाइप गरी सो को सफ्ट कपी malaraniruralmun@gmail.com मा पठाउनु पर्नेछ ।

८. निबन्धको साथमा फोटो र आफ्नो परिचय (नाम, ठेगाना, पेशा, उमेर, सम्पर्क नं.) अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

९. निबन्धको ढाँचा निम्न अनुसार हुनु पर्नेछ ।

क) कार्यकारी सारांश ख) पृष्ठभूमि
ग) मूख्य विश्लेषण घ) निष्कर्ष ङ) सन्दर्भ सामग्री

१०. उल्लेखित सर्तहरु पुरा नभएका निबन्धलाई प्रतियोगितामा सहभागी गराईने छैन ।

११. निबन्धलाई सम्बन्धित् विज्ञहरूबाट छनौट गराई उत्कृष्ट हुनेलाई नगद पुरस्कार, प्रमाणपत्र र सम्मान प्रदान गरी प्रकाशन तथा प्रचार–प्रसारसमेत गरिनेछ ।

१२. देहायमा उल्लेखित नगद पुरस्कार नियमानुसार उपलब्ध गराइनेछ ।

- प्रथम हुनेलाई नगद रु. ७,०००।– (सात हजार मात्र)
- द्वितीय हुनेलाई नगद रु. ५,०००।– (पाँच हजार मात्र)
- तृतीय हुनेलाई नगरद रु. ३,०००।– (तीन हजार मात्र)

बिष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

Email: malaraniruralmun@gmail.com Website: www.malaranimun.gov.np